गैंडाकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालय गैंडाकोट, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) गण्डकी प्रदेश, नेपाल

# मिति २०८०।०१।१२ गते बसेको गैंडाकोट नगरपालिकाको आ.व.२०७९/०८० को चौधौं नगर कार्यपालिका बैठकको निर्णयहरु:

**निर्णय नं.१** गैंडाकोट नगरपालिकाको अटो तथा इ-रिक्सा व्यवस्थापन निर्देशिका,२०८० बैठकमा पेश भई उक्त निर्देशिका उपर छलफल गरियो । सो निर्देशिकाको विषयमा सम्पूर्ण कार्यपालिका सदस्यहरुले अध्ययन गरी सुझाव दिने र सो सुझावहरु सहित आगामी नगर कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.२** आगामी आ.व.२०८०/०८१ मा नगरले लिने करको दर निर्धारणका विषयमा राजश्व परामर्श समितिले आवश्यक अध्ययन छलफल गरी आगामी कार्यपालिका बैठकमा राय सुझाव पेश गर्न निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.३** आगामी आ.व.२०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रमको सम्बन्धमा आफ्नो विषयगत समितिमा छलफल गरी सम्बन्धित क्षेत्रमा नगरले लिनुपर्ने नीति तथा कार्यक्रमको प्रारम्भिक सुझाव पेश गर्न सम्बन्धित विषयगत समितिहरुलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.४** गैंडाकोट नगरपालिकाको आर्थिक वर्ष २०७७।०७८ को आन्तरिक आय ठेक्का नं. ०३।०७७।०७८ मा बाँकी रहेको परिमाण १९६९५ घन मिटर उत्खनन गर्न राजस्व दाखिला गरी सम्झौता गर्न आउन पत्राचार गरिएकोमा तोकिएको मिति भित्र सम्झौता गर्न नआएकोले यस आर्थिक वर्षको बाह्रौं नगर कार्यपालिकाको बैठकको निर्णयानुसार आय ठेक्का अन्त्य गरिएकोमा उक्त फर्मको तर्फबाट राजस्व दाखिला गरी सम्झौता गर्न ७ दिनको म्याद माग गरी निवेदन दिएको सन्दर्भमा नगर कार्यपालिकाको निर्णयानुसार अन्त्य गरी सकिएको ठेक्कामा निवेदको माग बमोजिम ७ दिन म्याद थप गरी राजस्व दाखिला गर्न लगाई पुन: सम्झौता गर्न सकिने नसकिने सन्दर्भमा नगर कार्यपालिकाको मिति २०७९।१२।२६ को निर्णयानुसार सार्वजनिक खरिद अनुगमनको कार्यालयको राय माग गरी पठाईएकोमा उक्त कार्यालयबाट सो विषय खरिद कानूनको परिधिभन्दा बाहिरका विषय भित्र पर्ने भनी जानकारी पठाएकोले सो ठेक्का व्यवस्थापनको सम्बन्धमा कानून विज्ञबाट कानुनी राय एवं परामर्श समेत लिई नगर कार्यपालिकामा प्रतिवेदन पेश गर्न गरी देहाय बमोजिमको एक समिति गठन गर्ने निर्णय गरियो ।

संयोजकः- नगर उपप्रमुख श्री शान्ती कोइराला
सदस्यः- नगर प्रवक्ता श्री शिवकान्त तिवारी
सदस्यः- शुसाशन तथा संस्थागत विकास समिति संयोजक श्री गोपी कँडेल
सदस्यः- वातावरण तथा विपद् व्यवस्थापन समिति संयोजक श्री प्रकाश सापकोटा
सदस्यः- पूर्वाधार विकास समिति संयोजक श्री प्रेम सापकोटा
सदस्यः- वडा अध्यक्ष वडा नं. ११ श्री गोविन्द प्रसाद सुवेदी
सदस्यः- वडा अध्यक्ष वडा नं. ६ श्री सुभाष चापागाई

**निर्णय नं. ५** मुकुन्दरपुर खानेपानी संस्था वडा नं. ११ लाई संघीय सरकारबाट प्राप्त पुंजीगत अनुदान बजेटबाट भुक्तानी हुने गरी योजना सम्झौता भई कार्यसम्पन्न भएको अवस्थामा उक्त बजेट फिर्ता गई भुक्तानी हुन नसकेकोले उक्त योजनाको कार्यसम्पन्न प्रतिवेदन अनुसारको रकम नगरपालिकाको आन्तरीक स्रोत भुक्तानी दिने निर्णय गरियो।

**निर्णय नं. ६** गैंडाकोट नगरपालिकाको भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासी सेवा केन्द्रमा ६ महिना भन्दा लामो समयदेखि कार्यरत कर्मचारीहरुलाई पोषाक भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

मुक्तिराम रिजाल
प्रमुख प्रशासकिय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख

**निर्णय नं.७** गैंडाकोट नगरपालिकाको रिङ्गरोड (वडा नं. १०-१७) को प्रारम्भिक वातावरणीय परिक्षण (IEE) स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८** गैंडाकोट नगरपालिका विभिन्न वडाबाट निर्णय गरी सिफारिस भई आए अनुसार देहाय बमोजिमका शिर्षकहरुमा योजनाहरको शिर्षाकान्तर/ रकमान्तर गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

| वडा नं. | साविकको योजना | रकम | परिवर्ति योजना शिर्षक | रकमान्तर योजना रकम |
|---|---|---|---|---|
| ९ | बाँधखोला टोल रिङगरोड बाटो ग्रावेल/पिच/ढलान | रु.१३,००,०००/- | कर्मासिंग मार्ग बाटो मोज्याक टायल लगाउने | रु.१३,००,०००/- |
| ३ | हर्दि लिफ्टिङग सिंचाई पाईप विस्तार आ.व.२०७८/०७९ को निरन्तर योजना | रु.७,००,०००/- | बेसार डाँडा मार्के बाटो बिस्तार तथा ट्याक खोल्ने | रु. १४,००,०००/- |
| ३ | चनौटे खानेपानी | रु.३,५०,०००/- | | |
| ३ | भुजेल गाँउ खानेपानी | रु.३,५०,०००/- | | |

**निर्णय नं. ९** नारायगढ बुटवल सडक निर्माणको लागि सम्बन्धित आयोजनाबाट माग भए बमोजिमको थप नदिजन्य पदार्थ प्रदेश सरकारबाट तोकिए बमोजिमको प्रतिघन फुट रु. ७ रोयल्टी र नगरको तर्फबाट प्रति घनफुट रु. १ पर्यावरण शुल्क लिई वडा नं. ७ को नारायणी नदी विस्नेघाट क्षेत्रबाट स्वीकृत प्रारम्भिक वातारणीय अध्ययन प्रतिवेदनमा उल्लेखित परिमाणको हदसम्मको नदिजन्य पदार्थ साविक बमोजिमकै शर्तमा आगामी २०८० जेठ मसान्त सम्म लैजानसक्ने गरी उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १०** नगर विपद् व्यवस्थापन समितिको मिति २०७९।१२।२१ र नगर कार्यपालिकाको मिति २०७९।१२।२६ को निर्णय तथा सिफारिसको आधारमा जिल्ला विपद् व्यवस्थापन समितिको मिति २०८०।०१।११ गतेको निर्णयका आधारमा बैठकमा पेश भए बमोजिमको सम्झौता ढाँचा अनुसार भरतपुर महानगरपालिकासँग लागत तथा आय साझेदारी हुने गरी नगर कार्यपालिकाको २०७९।१२।०४ को निर्णयानुसार आव्हान गरिएको विद्युतीय ठेक्का नं/02 .EW/NCB/GMO बाट गैंडाकोट नगरपालिका र भरतपुर महानगरपालिकाको बीचमा रहेको शिवघाट र थुम्सी खण्डबाट क्रमश: नदिजन्य पदार्थ घाटगद्दी गर्ने र यसको लागि लाग्ने लागत २०७९।१२।०४ को नगर कार्यपालिकाको निर्णय बमोजिम नै व्यवस्थापन गर्ने र उक्त खण्डहरुबाट घाटगद्दीका अतिरिक्त ढुङ्गा गिट्टी बालुवा उत्खनन विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड " "२०७७को दफा १२ बमोजिम ठुला रुपान्तरणकारी राष्ट्रिय गौरवका तथा प्राथमिकताप्राप्त गैंडाकोट नगरपालिका र भरतपुर महानगरपालिका क्षेत्रभित्र कार्यान्वयनको क्रममा रहेका आयोजनाहरुबाट माग भई आएमा समेत प्रदेश सरकारले तोकेको रोयल्टीमा रु. १ पर्यावरण शुल्क लिई कार्यालयबाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ११** नगर कार्यपालिकाको पूर्व निर्णय बमोजिम घाटगद्दी गरी राखिएको नदिजन्य पदार्थ गैंडाकोट नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७७ बमोजिम ३ पटकसम्म ठेक्का आव्हान गर्दा पनि विक्री हुन नसकेमा तोकिएको न्यूनतम मूल्यमा नघट्ने गरी अग्रीम रुपमा राजस्व र लोडिङ् खर्च लिई कार्यालयबाट जो सुकै ईच्छुक व्यक्ति, संस्था, कम्पनी वा फर्मलाई विक्री व्यवस्थापन गर्न निर्देशन दिने निर्णय गरियो ।

मुक्तिराम रिजाल
प्रमुख प्रशासकिय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख